# स्थानीय राजपत्र

## ऐरावती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः४ संख्याः१ मितिः२०७७/०२/३०

# भाग २

## ऐरावती गाउँपालिका, प्यूठान

कार्यपालिकाबाट स्वीकृत २०७७/०२/२६

# टोल विकास संस्था सञ्चालन कार्यविधि

# २०७७

# परिच्छेदः १

# टोल विकास संस्था संचालन कार्यविधि

## १. टोल विकास संस्था

सहरी समाज परिचालन प्रक्रियामार्फत टोलको संस्थागत,सामाजिक तथा आर्थिक विकास साथै सुशासन कायम गर्न गाउँपालिका तथा नगरोन्मुख सहरी वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका घरधुरी सदस्य रहने गरी एक घर एक सदस्यको आधारमा सबै घरधुरीलाई आबद्ध गराई सबै घरको प्रतिनिधित्व हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने बहुउद्देश्यीय टोल विकास संस्थाको गठन र यसको कामलाई व्यवस्थित गर्न गाउँपालिका बैठकबाट स्वीकृत गरी यो कार्यान्वयनमा ल्याईएको छ ।

## २. उद्देश्य

टोल स्तरमा घरधुरीलाई संगठित गरी टोल विकास संस्थाको गठन गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन् :

१. टोलबासी जनताहरूलाई संगठित गरी तिनीहरूमा सामुहिक भावना जागृत गराउन,
२. टोल विकास संस्थाका सदस्यहरू बीच आपसी सद्भाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउन,
३. टोल विकास संस्थाका सदस्यहरू बीच धनी, गरीब र उच, निचको भावना हटाई सामाजिक समानता र समता कायम गराउन,
४. सामाजिक कार्यहरू टोल विकास योजनाको रूपमा समेटी टोल विकास संस्थाको बैठकबाट सर्वसम्मत निर्णय प्रक्रियाबाट गर्ने पद्धतिको विकास गराउन,
५. निर्णय प्रक्रियामा सबैलाई समान अवसर र अधिकार प्रदान गर्न एवम् सामाजिक कार्यमा पारदर्शिता कायम गरी सुशासनलाई बढावा दिन,
६. टोल विकास सदस्यहरूमा उदमशीलताको विकास गराई टोल स्तरमा लघु उद्यमको सिर्जना, विकास र प्रबर्द्धन गरी उद्यमसील समाजको सृजनामा सहयोग पुर्‍याउन,
७. गाउँपालिका तथा अन्य सेवाप्रदायक संस्थाबाट प्रवाह हुने सेवा प्रवाहमा टोलका जनताको पहुँच अभिवृद्धि गर्न,
८. टोलवासीहरुमा अन्तर्निहित क्षमता प्रस्फुटित गर्ने अवसर प्रदान गर्न,

९. सम्बन्धित गाउँपालिका अन्तर्गत सञ्चालन हुने विकास कार्यमा सहयोग गर्ने सबै संस्थाहरूको एक मात्र प्रवेशद्वारको रूपमा टोल विकास संस्थालाई विकास गर्न,

१०. टोल विकास संस्थाका सदस्यहरूलाई विकासको मूल प्रवाहमा संलग्न हुने अवसर सिर्जना गर्न,

११. टोल विकास संस्थालाई वडाभन्दा तल्लो एकाइको रूपमा विकास गरी सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमा, अनुगमन एवं मूल्याङ्कन प्रक्रियामा सहभागी गराउन,

१२. टोल विकास संस्थाले आफ्नो सदस्यहरूको गरिबीलाई निश्चित आधारमा वर्गीकरण गरी तिनीहरूको अभिलेख तयार गर्न र

१३. टोल विकास संस्थाको दीर्घकालीन विकासको अवधारणा तथा दृष्टिकोण तयार गर्न ।

१४. गाउँपालिकालाई वातावरण मैत्री तथा बाल मैत्री घोषणा गर्न सहयोग प्रदान गर्न

## ३. गठन र विधान

(क) गाउँपालिका क्षेत्र तथा बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको काम कारवाहीलाई व्यवस्थीत गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा भने यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास संस्थाको कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तिमा ५० प्रतिशत महिला आबद्ध गराउनु पर्नेछ ।

(घ) टोल विकास संस्थामा पुरुष वा महिला घरधुरी प्रतिनिधि सदस्य हुनेछन् ।

(ङ) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्न विधान तयार गर्नुपर्नेछ विधान तयारीका लागि गाएँपालिकाले टोल विकास संस्थाको नमुना विधान ( अनुसूची-१) उपलव्ध गराउने छ । टोलविकास संस्थाको बिधानमा निम्न विषयवस्तु उल्लेख गर्नुपर्नेछ ।

१. टोल विकास संस्थाको पदाधिकारी अध्यक्ष, सचिव, कोषाध्यक्ष छनोट, कार्यविधि, हेरफेर प्रक्रिया तथा निलम्बन र निष्कासनसम्बन्धी प्रावधान,
२. टोल विकास संस्थाको पदाधिकारीहरू अध्यक्ष, सचिव, कोषाध्यक्ष र सदस्यहरूको काम, कर्तव्य र अधिकार,

३. सदस्यता सम्बन्धी नीति, र
४. सामाजिक र आर्थिक विकास नीति ।

## ४. दर्ता

(क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई सम्बन्धित वडाको सिफारिशमा गाउँपालिकाले दर्ता/सूचीकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता गर्दा पेश गर्ने निवेदनको नमुना अनुसूची-२ मा उल्लेख गरिएको छ । यसरी टोल विकास संस्थाका बहुसंख्यक सदस्यले निर्णय गरी दर्ताका लागि निवेदन पेश गरेमा सम्बन्धित गाउँपालिकाले अनुसूची-३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्दछ ।

(ख) टोल विकास संस्थाले निश्चित गरेका उद्देश्य विपरीत कुनै काम गरेमा वा नेपालको प्रचलित कानुनले गर्न नपाउने कार्य गरेमा गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । यसरी दर्ता खारेज भएपछि सो स्थानमा नयाँ टोल विकास संस्था गठन हुनेछ ।

## ५. टोल विकास संस्थाको काम

टोल विकास संस्थाले आफ्नो टोल क्षेत्रको समग्र विकास र सदस्यहरूको हितका लागि देहायका कार्यहरू गर्नेछ :

१. टोल विकास संस्थाको नीति नियमअनुसार धनी, गरिब र उच, निचको भावना हटाई सबै सदस्यहरूलाई निर्णय प्रक्रिया र स्रोतमा समान अधिकार प्रदान गर्ने,
२. संस्थाको नियमित बैठक बसी छलफलका विषयहरूमा उपस्थित सदस्यहरूको सर्वसम्मत निर्णयबाट कार्य गर्ने शैली अपनाउने,
३. गाउँपालिका, अन्य संघसंस्थाहरूसँग सम्बन्ध स्थापित गरी विकास निर्माणको काम गर्ने,
४. संस्थाका सदस्यहरूलाई उद्यम विकास योजनाहरू संचालन गर्न प्राविधिक सहयोग प्रदान गर्ने,
५. प्रत्येक सदस्यलाई आफ्नो टोल क्षेत्रको आर्थिक तथा सामाजिक उन्नतिमा योगदान पुऱ्याउन प्रोत्साहित गर्ने,
६. अन्य गाउँपालिका, संघसंस्था, कार्यमूलक संस्था, उद्यमी समूह र व्यक्तिलाई सेवा प्रदान गरेवापत सेवा शुल्क असूल गर्ने,
७. टोलको विकासका लागि गाउँपालिका, अन्य संघसंस्था, व्यक्तिबाट प्राप्त सहयोगको उच्चतक सदुपयोग गर्ने,
८. टोल विकास संस्था संचालन र व्यवस्थापनका लागि संस्थाको नीति अन्तर्गत रही रकम खर्च गर्ने,

९. संस्थाले आर्जन गरेको श्रोत साधनको उपयोग संस्थाको बैठकको निर्णयानुसार गर्ने,

१०. संस्थाले संचालन गरेका विभिन्न क्रियाकलापको नियमित रूपमा सहभागितात्मक अनुगमन गर्ने,

११. टोल विकास संस्थाका सदस्यहरूको सामूहिक समस्या पहिचान गरी प्राथमिकताको आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

१२. टोल विकास संस्थाले आफ्नो प्रयासबाट सामाजिक सुधारका क्रियाकलापहरू (स्वास्थ्य तथा सरसफाइ, साक्षरता, जनचेतना अभिबृद्धि इत्यादि) आफ्नै पहलमा संचालन गर्ने,

१३. संस्थाले आफ्नो सदस्यको आर्थिक तथा सामाजिक तथ्याङ्क अद्यावधि गर्न सूचना अभिलेख राख्ने र आफ्नो संस्थाको स्थिति चौमासिक रूपमा बैठकमा प्रस्तुत गरी वडा मार्फत गाउँपालिकामा प्रतिवेदन गर्ने,

१४. सहभागितात्मक गाउँपालिका विकास योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा अति आवश्यक आयोजनाहरूको पहिचान गरी सहयोग गर्ने,

१५. गाउँपालिका, गैरसरकारी संस्था र दातृसंस्थाको सहयोगबाट संचालित योजनाहरूको कार्यान्वयन र संचालनको अनुगमन गर्ने,

१६. संस्थाले सदस्यको आर्थिक विकासका लागि योजना तर्जुमा गर्ने र उक्त योजना बमोजिम गाउँपालिका, जिल्ला समन्वय समिति, गैरसरकारी संस्था सहयोग प्राप्त गर्ने,

१७. समुदायको विकासका लागि सहयोग गर्ने गैरसकरारी संस्था दातृसंस्था र सरकारी निकायहरूले टोल विकास संस्था मार्फत नै विकास कार्य गर्नुपर्ने गरी संस्थालाई विकास गर्ने,

१८. टोल विकास संस्थाको आर्थिक कारोबारको हिसाब राख्ने र लेखापरीक्षण गराउने,

१९. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरूलाई जनचेतना अभिवृद्धि गर्नुका साथै अन्य निकायहरूसँगको सहकार्यमा कार्यक्रमहरू संचालन गर्ने,

२०. टोल विकास संस्थाको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतबाट गर्ने ।

२१. हरेक वर्ष मनसुनको समयमा टोल, सडक आसपास, घर तथा सार्वजनिक स्थलमा बृक्षरोपण गरी हरित टोल कार्यक्रम सञ्चालन गर्ने ।

२२. आफ्नो वडा तथा टोललाई वातावरण मैत्री तथा वाल मैत्री बनाउने खालका विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।

२३. टोलमा बसोवास गर्ने बासिन्दाका बिचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता, वाल मैत्री तथा वातावरण मैत्री स्थानीय शासन अवधारणा आदी बारेमा जन चेतना कार्यक्रम सञ्चालन गर्ने ।

२४. टोल विकास संस्थाको मातहात रहने गरी गाउँपालिकाको स्वीकृतिमा आवश्यकताअनुसार सामूदायिक विपद् व्यवस्थापन समिति, आमा समूह आदी सामूदायिक समूह गठन गर्ने ।

२५. टोलमा रहेका सार्वजनिक, पुर्ति, एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग प्रदान गर्ने ।

२६. गाउँपालिकाको आम्दानी बढाउन सहयोग प्रदान गर्ने ।

२७. गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

## ६. टोल विकास संस्थाको परिपक्वताका आधारहरुः

टोल विकास संस्थाहरूले निम्न कार्यहरू गरेमा परिपक्व भएको मानिनेछ ।

१. टोल विकास संस्था सम्बन्धित गाउँपालिकामा अनिवार्य रूपमा दर्ता/सूचीकृत भएको हुनुपर्ने,

२. संस्थाले नियमित रूपमा आफ्नो बैठक गरेको र प्रतयेक बैठकमा कम्तिमा ८० प्रतिशत सदस्यहरूले भाग लिएको हुनुपर्ने,

३. बैठकमा प्रस्तुत हुने प्रत्येक विषयमाथि छलफल गरी निर्णय सर्वसम्मतिबाट पारदर्शी रूपमा निर्णय भएको हुनुपर्ने,

४. संस्थाले आपसी सरसल्लाहबाट टोल विकास योजना तथा उद्यम विकास योजना तर्जुमा गरेको हुनुपर्ने,

५. संस्थाका सदस्यहरू एकजुट भएर आफ्नो संस्थाको टोल विकास योजना तथा उद्यम विकास योजना कार्यान्वयन गरेको हुनुपर्ने,

६. संस्थाले सहभागितामा आधारित योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली अपनाएको हुनुपर्ने,

७. टोल विकास संस्थाले आफ्नो दीर्घकालीन विकासका लागि अवधारणा एवं दृष्टिकोण निर्माण गरेको हुनुपर्ने ।

## ७. टोल विकास संस्थाको कार्य समितिको बैठक

१. गाउँपालिका भित्र गठित टोल विकास संस्थाका सदस्यहरूको हित, सहयोग एवं समन्वयका लागि टोल किवास संस्थाको कार्य समितिको नियमित बैठक बस्नेछ

२. गाउँपालिका भित्र स्थापना भएका प्रत्येक टोल विकास संस्थाको बैठक महिनामा कम्तिमा १ पटक बस्नेछ ।

३. समितिको बैठकमा गाउँपालिका निर्वाचित प्रतिनिधिहरू, यस क्षेत्रमा कार्यरत अन्य संघसंस्थाका प्रतिनिधिहरूलाई सहभागी गराउन सकिनेछ ।

४. सचिवले टोल विकास संस्थाको बैठकको निर्णयहरू बैठक पुस्तिकामा लेख्नेछ र उक्त निर्णयहरू कार्यान्वयन गराउने कार्य गर्नेछ ।

५. टोल विकास संस्थाको बैठकले निम्नानुसारको निर्णय गरी कार्यान्वयन गर्नेछ :

१. स्थानीय सेवासम्बन्धी नीति बनाउने,
२. बिभिन्न निकायहरु बीच समन्वयात्मक भूमिका निर्वाह गर्ने,
३. योजना तर्जुमा (अवसरहरूको पहिचान र प्राथमिकीकरण) कार्यमा गाउँपालिकासँग समन्वय गर्ने,
४. टोल विकास संस्थामार्फत भएको लगानीको सदुपयोगिताबारे अनुगमन गर्ने,
५. संस्थालाई दरिलो तथा प्रभावकारी बनाउन तथा सदस्यहरूलाई सक्रिय राख्नका लागि सहयोग गर्ने,
६. स्थानीय विशेषज्ञहरूको परिचालन गरी आफ्नो क्षेत्रमा भएको सार्वजनिक र सामूदायिक काम कारवाहीको नियमित अनुगमन गर्ने,
७. गाउँपालिकाको स्वीकृतिमा विकास कार्यसँग सम्बन्धित विभिन्न सरकारी निकाय, राष्ट्रिय तथा निजी संस्थासँग समन्वय गरी सेवा/सुविधा प्राप्त गर्ने,
८. सीप विकासका लागि तालिमको पहिचान गरी आवश्यक समन्वय गर्ने,
९. बजारको खोजी, कच्चापदार्थ र उत्पादित वस्तुहरूको बिक्री-वितरणमा सहयोग पु¥याउने र बजारसम्बन्धी सूचना प्रसार गर्ने, बजार विकास र व्यवस्थापन गर्ने,
१०. संस्थामार्फत् वातावरण, स्वास्थ्य र सरसफाइ कार्यमा सहयोग गर्ने,
११. गाउँपालिकालाई विकास कार्यमा आवश्यक सूचना र अन्य सेवाहरू उपलब्ध गराई सहयोग गर्ने,
१२. टोल विकास संस्था तथा गाउँपालिका बीच समन्वय गरी कार्य गर्ने,
१३. टोल विकास संस्थाको क्षेत्रभित्र रहेका सामाजिक कुरीति, नराम्रा चलन तथा क्रियाकलापको समाधान गर्नको लागि आवश्यक कार्य गर्ने ।
१४. एच.आइ.भी./एड्सलगायत सामाजिक समस्याका बारेमा चेतना अभिवृद्धिका साथै अन्य निकायहरूसँग समन्वय गरी कार्यक्रम संचालन गर्ने ।
१५. टोलको विकासको लागि आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
१६. वातावरण मैत्री स्थानीय शासन तथा वालमैत्री स्थानीय शासनका सूचकहरुको कार्यन्वयन गर्ने ।
१७. भवन संहिता तथा भवन मापदण्ढको कार्यान्वयनमा गाउँपालिकालाई सहयोग गर्ने र यस सम्बन्धी जनचेतनाको कार्यक्रम सञ्चालन गर्ने ।
१८. गाउँपालिकाहरुसँग भएको समझदारी अनुसार तोकिएको अन्य कार्यहरु गर्ने ।

## ८. टोल विकास संस्थाका कार्य समितिको पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार

### (क) अध्यक्षको काम, कर्तव्य र अधिकार :

टोल विकास संस्थालाई कसरी प्रभावकारी बनाउने भन्ने सम्बन्धमा संस्थाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ :

१) टोल विकास संस्थाको नियमित बैठक बोलाउने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा आवश्यक प्रस्तावहरू पेश गर्न लगाउने ।

४) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने ।

५) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने

६) निर्णयहरू लागू गर्ने र गर्न लगाउने ।

७) सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग पुऱ्याउने ।

८) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने।

१०) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने ।

११) अन्य सहयोगी निकायहरूसँग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।

१२) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहरूको सहमतिमा बैठक बोलाउने ।

१३) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**(ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको कार्यक्रममा सहयोग गर्ने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेशअनुसार बैठक बोलाउने ।

३) एकतिहाइ सदस्यहले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थिति गराउने ।

५) छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पुनः प्रत्येक सदस्यहरूलाई हस्ताक्षर गर्न लगाउने ।

७) संस्थाको क्रियाकलापको बारेमा सदस्यलाई जानकारी गराउने ।

८) संस्था संचालनमा र अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने ।

**(घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाको आम्दानी वा अन्य कार्य गर्दा प्राप्त हुने आम्दानीको विवरण तयार गर्ने

२) संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने ।

३) बैंकमा खता संचालन गर्दा संयुक्त रूपमा खाता संचालन गर्ने ।

४) अन्य सदस्यरुसँग समन्वय राखी सहयोग लिने, दिने ।

५) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(घ) संस्थाका सदस्यहको काम, कर्तव्य र अधिकार :**

१) गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरू गर्ने ।

२) संस्थाको हिसाब-किताब बराबर जाँच गर्ने ।

३) टोल विकास संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने । उनीहरूको काम सन्तोषजनक नभए हेरफेर गर्ने ।

४) आवश्यकताअनुसार संस्था संचालनका लागि नीति, नियमहरू बनाउने र सो नियमहरू पालना भए नभएको हेर्ने ।

५) आवश्यकताअनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरूलाई सघाउने ।

६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

**ङ) टोल विकास संस्थाको आम्दानी**

१) गाउँपालिकाको स्वीकृतिमा टोल विकास संस्थाले विभिन्न संघ, संगठन, गैरसरकारी संस्था, दातृसंस्था, नेपाल सरकार र व्यक्तिहरूबाट सहयता र अनुदान प्राप्त गर्न सक्दछ ।

२) टोल विकास संस्थाले आयमूलक कार्यहरु सञ्चालन गरी आम्दानी गर्न सक्नेछ ।

३) संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रूपमा टोल विकास संस्थाको आम्दानीको निश्चित प्रतिशत संस्थाको निर्णयानुसार छुटयाउन सक्नेछ ।

४) संस्थाले अन्य स्रोतबाट जम्मा गरेको रकम ।

**ङ) खर्च**

१) टोलको विकास निर्माण एवम् संस्थाको विकास निर्माणका लागि टोल विकास कोषको रकम संस्थाको निर्णयानुसार खर्च हुनेछ ।

२) टोल विकास संस्था संचालन, व्यवस्थापन र लेखापरीक्षणका लागि गर्नुपर्ने खर्चहरू टोल विकास संथाको बैठकले बनाएको नीति-नियम बमोजम खर्च गर्न सक्नेछ ।

**च) नाफा**

१) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

२) संस्थाले गरेको नाफा संस्थाको निर्णय अनुसार संस्थामै राख्न वा संस्थाको सर्वसम्बत निर्णयमा सामुदायिक कार्यमा खर्च गर्न सकिनेछ ।

३) टोल विकास संस्थाले प्रचलित कानूनको प्रतिकूल नहुने गरी नाफामूलक कार्यहरु सञ्चालन गर्न सक्नेछ ।

**छ) लेखा**

(क) टोल विकास संस्थाका कोषाध्यक्षले निम्न रकमको स्पष्ट लेखा राख्नुपर्दछ :

१) टोल विकास संस्थालाई सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी ,

२) टोल विकास संस्थाले गरेका सम्पूर्ण विकास खर्चको विवरण

३) टोल विकास संस्थाको संचालन र व्यवस्थानमा भएको प्रशासनीक खर्चहरू,

(ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब सामूहिक रूपमा (सम्भव भए प्रत्येक बैठकमा) टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

**ज) लेखापरीक्षण**

टोल विकास संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ ।

१) कोषाध्यक्षले राखेको हिसाब किताबको लेखापरीक्षण वार्षिक रूपमा टोल विकास संस्थाले नियुक्त गरेको लेखापरीक्षकबाट गराउनुपर्नेछ ।

२) संस्थाको लेखापरीक्षण तालिमप्राप्त लेखापरीक्षकबाट गराउनुपर्नेछ । तर सोही संस्थाको सदस्यबाट लेखापरीक्षण गराउन पाइँदैन ।

३) संस्थाले चाहेमा कानूनी अधिकारप्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउन सक्दछ । लेखापरीक्षण प्रतिवेदन टोल विकास संस्थाका सम्पूर्ण सदस्यहरूलाई अनिवार्य रूपमा जानकारी गराउनुपर्दछ ।

४) आवश्यकताअनुसार गाउँपालिकाले पनि संस्थाको आम्दानी खर्चको लेखापरीक्षण गर्न सक्ने गर्नेछ ।

५) टोल विकास संस्थाले आफ्नो वार्षिक लेखापरिक्षणको प्रतिवेदन सम्बन्धित गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ ।

# टोल विकास संस्था गठन र कार्यविधि सम्बन्धी अनुसुचीहरु

अनुसूची-१

(टोल विकास संस्थाका लागि विधानको नमुना)

.......................... टोल विकास संस्थाको विधान

**प्रस्तावना :**

स्थानीय रूपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरूलाई अधिकतम परिचालन गरी गाउँको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रूपमा विकसित गरी गरिबी न्यूनीकरणका प्रयासमा ठोस योगदान पुऱ्याउन सहभागितात्मक योजना तर्जुमा गर्न, उद्यमशील समाजको निर्माण गर्न तथा टोलका जनसमुदायहरूलाई संस्थागत रूपमा विकास गर्ने वातावरण सिर्जना गर्न......................... टोल विकास संस्था स्थापना गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ ।

**१. प्रारम्भिक :**

संक्षिप्त नाम र प्रारम्भ

(क) यो विधान ............................ टोल विकास संस्थाको विधान हुनेछ ।

(ख) यो संस्थाको नाम .................................... हुनेछ ।

(ग) यो विधान ...................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

(घ) यस संस्थाको कार्यालय ............................. मा हुनेछ ।

(ङ) यस संस्थाको सिमाना :

पूर्व ........................... पश्चिम .............................

उत्तर ......................... दक्षिण ...............................

## २. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. 'संस्था' भन्नाले ..................... टोल विकास संस्थालाई समझनुपर्छ ।
२. 'विधान' भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।
३. 'साधारणसभा' भन्नाले संस्थाको साधारण सदस्यहरूको भेला सम्झनुपर्छ ।
४. 'समिति' भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनुपर्छ ।
५. 'बैठक' भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ ।
६. 'कार्यमूलक/उपभोक्ता समूह' भन्नाले साधारणसभाले विशेष जिम्मेवारी दिई गठन भएका समूह वा संस्थाभित्र विभिन्न कार्य गर्नका निमित्त गठित समूहहरूलाई सम्झनुपर्छ ।
७. 'पदाधिकारी' भन्नाले संस्था वा कार्यमूलक/उपभोक्ता समूहका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र सदस्यहरूलाई जनाउँछ ।
८. 'उपसमिति' भन्नाले कुनै निश्चित कार्य तथा अवधि तोकी गठन गरिएको उपसमितिलाई सम्झनुपर्छ ।
९. तोकिए' वा 'तोकिएबमोजिम' भन्नाले संस्थाले समयसमयमा निर्णय गरे बमोजिम निर्धारित कार्यविधि वा यस विधानअन्तर्गत बनाइएका नियमावली वा विनियममा उल्लेखित कुराहरूलाई जनाउँदछ ।

## ३. संगठित संस्था हुने :

(क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ । सो छाप संस्थाको निर्णयअनुसार स्थापना भएका अन्य कार्यमूलक/उपभोक्ता समूहहरूले आ-आफ्नो नाम राखी प्रयोग गर्न पाउनेछन् ।

(ख) टोल विकास संस्थाले चल-अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न वा कुनै प्रकारको बन्दोबस्त गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति बिक्रि गर्न भने पाउने छैन । टोल विकास संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

(ग) संस्था वा कार्यमूलक/उपभोक्ता समूहले व्यक्तिसरह आ-आफ्नो नालिस उजुर गर्न र सो उपर नालिस उजुर लाग्न सक्नेछ ।

## ४. संस्थाका उद्देश्यहरू :

संस्थामा आबद्ध सबैखाले सदस्यहरूको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहायबमोजिमको उद्देश्य हुनेछ :

(क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

(ख) टोलका व्यक्तिहरूको आयमा बृद्धि गर्ने कार्यक्रमको संचालन गरी गरिबी न्यूनीकरणमा मद्धत पुऱ्याउने ।

(ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको व्यक्तिहरूको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने ।

(घ) स्थानीय स्तरबाट सिकेको अनुभवबाट गाउँ-नगर सम्बन्ध विस्तार तथा ग्रामिण समाज परिचालनको एउटा नमुना कार्यक्रम विकसित गरी देशको अन्य गाउँपालिकामा विस्तार गर्न सहयोग गर्ने ।

(ङ) स्वशासित संस्थालाई प्रभावकारी बनाउने ।

(च) संस्थालाई गाउँपालिकाको सबभन्दा तल्लो इकाईको रूपमा स्थापित गराई सहभागितात्मक गाउँपालिका योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागी बनाउने ।

## ५. टोल विकास कार्य समितिको गठन

(क) गाउँपालिकाका बस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरूबाट टोल विकास संस्थाको गठन गरिनेछ ।

(ख) पहिलोपटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट टोल विकास समितिको काम कारवाहीलाई व्यवस्थीत गर्न अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । तर दोस्रो पटकको हकमा भने यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ । टोल विकास संस्थाको कार्य समितिको अवधि २ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै दुई वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

(ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तीमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरूमध्ये कम्तमिा ५० प्रतिशत महिला आबद्ध गराउनु पर्नेछ ।

(घ) टोल विकास संस्थामा पुरुष वा महिला घरधुरी प्रतिनिधि सदस्य हुनेछन् ।

## ६. संस्थाका कार्यहरू :

१. प्रत्येक टोल स्तरमा शतप्रतिशत घरपरिवार सहभागी भएका महिला वा पुरुष वा दुबैथरी समावेश भएको टोल विकास संस्था गठन गर्ने ।
२. संस्थाका सदस्यहरूलाई उद्यमशीलतातर्फ अग्रसर गराउन आफ्नो स्वलगानी तथा संघसंस्थाबाट सहयोग लिई लघु उद्यम संचालन गर्नमा पहल गराउने ।
३. तालिम तथा प्रविधिमा विशेष चाख राखी टोलवासीहरूको ज्ञान र सीप बृद्धि गराउने कार्यमा सहयोग गर्ने ।
४. टोलमा आइपरेका समस्याहरू समाधान गर्न एकअर्कामा भाइचारा कायम गरी सभ्य समाजको अवधारणा कायम गर्ने ।
५. गाउँ तथा नगरको अन्तरसम्बन्ध हुने गरी कार्यक्रमहरू तयार गरी आत्मनिर्भरता तर्फ अघि बढ्ने ।
६. आफ्नो समस्यालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न तथा स्रोतको समुचित परिचालनका लागि आफ्ना सामाजिक तथा आर्थिक पूर्वाधार विकाससम्बन्धी टोल विकास योजना र उद्यम विकास योजना बनाउने ।
७. यसका अलावा गाउँ-नगरको अन्तरसम्बन्ध बढाउन विभिन्न सिर्जनात्मक कार्यहरू गर्ने जस्तै, ग्रामीण क्षेत्रको उत्पादन शहरमा खपत गराउन/व्यापार गर्न प्रोत्साहन गर्ने । बजारमा माग भएअनुरूपको उत्पादन गर्न प्रोत्साहन गर्ने । ग्रामीण क्षेत्रमा नगरको सेवा सुविधाहरू विस्तार गर्ने सेवामूलक उद्यम सिर्जना गर्न प्रोत्साहन गर्ने ।
८. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बाल विवाह, बहु विवाह, जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाका सदस्यहरूलाई जनचेतना अभिवृद्धि गर्नुका साथै अन्य निकायहरूसँगको सहकार्यमा कार्यक्रमहरू संचालन गर्ने,
९. टोल विकास संस्थाको अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।
१०. हरेक वर्ष मनसुनको समयमा टोल, सडक आसपास, घर घर तथा सार्वजनिक स्थलमा बुक्षरोपण गरी हरित टोल कार्यक्रम सञ्चालन गर्ने ।
११. आफ्नो वडा तथा टोललाई वातावरण मैत्री तथा वाल मैत्री वनाउने विविध कार्यक्रमहरु सञ्चालन गर्ने ।
१२. टोलमा बसोवास गर्ने बासिन्दाका बिचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता, वाल मैत्री तथा वातावरण मैत्री स्थानीय शासन अवधारणा आदी बारेमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने ।
१३. आफ्नो टोल वस्तीमा उद्यमशील समूहहरु गठन गरी आय मूलक तथा शीपमूला कार्यक्रमहरु सञ्चालन गर्ने ।

१४.वातावरण मैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिकालाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१५. आफ्नो क्षेत्रमा वाल मैत्री स्थानीय शासनका सूचकहरु कार्यान्वयन गर्ने।

१६. आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।

१७. गाउँपालिकाका हरित, उज्यालो, सफा र सम्पन्न तथा सभ्य समाज स्थापना अभियानमा सहयोग गर्ने ।

१८.आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१९. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी अभियानमा सहयोग गर्ने ।

२०.टोल विकास संस्थाको मातहात रहने गरी गाउँपालिकाको स्वीकृतिमा आवश्यकताअनुसार सामूदायिक विपद् व्यवस्थापन समिति, आमा समूह आदी सामूदायिक समूह गठन गर्ने ।

२१. टोलमा रहेका सार्वजनिक, पुर्ति, एलानी आदी जग्गाको संरक्षणमा गाउँपालिकालाई सहयोग गर्ने ।

२२. गाउँपालिकाको आम्दानी बढाउन सहयोग गर्ने ।

२३. गाउँपालिकासँग भएको समझदारी अनुसारका अन्य कार्यहरु ।

**७. सदस्यता :**

(क) यस विधानको उद्देश्यबमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकर गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

(ख) सदस्य बन्न इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोके बमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने :**

(क) सदस्यको मृत्यु भएमा ।

(ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा । तर संस्थाको निर्णयउपर चित्त नबुझेमा साधारणसभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ ।

(ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएमा ।

(घ) संस्थालाई हानि-नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यताबाट हटाउने निर्णय गरेमा । तर सम्बन्धित सदस्यहलाई सफाइ दिने अवसरबाटबञ्चित गरिनेछैन । यससम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारणसभाको हुनेछ ।

(ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा वा गर्न कसैलाई उक्साएमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि :**

(क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरूको सर्वसम्मति निर्णयबाट टोलको क्षेत्र निक्र्यौल गरेपछि त्यस टोलभित्र बसोबास गर्ने सम्पूर्ण घरधुरीहरूको उपस्थितिमा संस्था गठन गरिनेछ ।

(ख) दफा ८ (क) बमोजिम टोल विकास संस्था गठन गर्ने उपस्थित भएकाहरूले गरेको सर्वसम्मत निर्णयको आधारमा एक-एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरू सदस्य हुनेछन् ।

(ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य रहनेछन् । अध्यक्ष वा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिलाा हुनेछ ।

**१०. संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार :**

संस्थाका पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिमहुनेछन् ।

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकार :**

टोल विकास संस्थालाइ प्रभावकारी बनाउन संथाका अध्यक्षको काम, कर्तव्य र अधिकार निम्नबमोजिम हुनेछ :

१) टोल विकास संस्थाको नियमित बैठक बोलाउने/बैठकका लागि मिति, समय र स्थानको निर्णय गर्न संस्थाका सबै सदस्यको सहमति लिने ।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने ।

३) बैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरू टिपोट गर्ने वा गर्न लगाउने

४) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५) बैठकमा आवश्यक प्रस्तावहरू पेश गर्न लगाउने ।

६) निर्णयहरू लागु गर्ने र गर्न लगाउने ।

७) सचिव र कोषाध्यक्षलाई आवश्यकताअनुसार सहयोग पुऱ्याउने ।

८) विकासको कार्यमा सबैलाई समेटेर नेतृत्व प्रदान गर्ने ।

९) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

१०) आवश्यक कार्यमा संस्थाको प्रतिनिधिहरू गर्ने वा गराउने ।

११) अन्य सहयोगी निकायहरूसँग समन्वय राख्ने, आवश्यक भएमा परिचालनको बन्दोबस्त गर्ने ।

१२) विशेष बैठकको आवश्यकता परेमा सबै सदस्यहको सहमतिमा बैठक बोलाउने ।

१३) विविध प्रकारका समन्वय बैठकमा भाग लिने ।

**(ख) संस्थाको उपाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको कार्यक्रममा सहयोग गर्ने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

**(ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकार :**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने ।

३) एकतिहाइ सदस्यहरूले विशेष बैठकका लागि लिखित माग गरेका विशेष बैठक बोलाउने ।

४) बैठक पुस्तिकामा उपस्थित गराउने ।

५) छलफलका प्रस्तावहरू संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय लेखी निर्णय पढेर सुनाउने पनः प्रत्येक सदस्यहरूलाई हस्ताषर गर्न लगाउने ।

६) बचत तथा ऋण लगानीको व्यवस्थापन गर्न सहयोग पुऱ्याउने ।

७) संस्थाका क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

८) संस्था संचालनमा र अन्य सदस्यहरूलाई आवश्यक सहयोग गर्ने ।

**(घ) संस्थाका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार :**

१) संस्थाले गरेको काम/कारोबारको लेखापरीक्षण गराउने ।

२) बैंकमा खाता संचालन गर्दा संयुक्त रूपमा खाता संचालन गर्ने ।

३) अन्य सदस्यहरूसँग समनवय राखी सहयोग लिने दिने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**(ङ) संस्थाका सदस्यहरूको काम, कर्तव्य र अधिकार :**

१) गाउँपालिकासँग भएको साझेदारीपत्रमा उल्लेखित सर्तअनुसार गर्नुपर्ने कामहरू गर्ने

२) संस्थाको हिसाबकिताब बराबर चेक गर्ने ।

३) टोल विकास संस्थाका पदाधिकारीहरूले गरेका कामको मूल्याङ्कन नियमित रूपमा गर्ने । उनीहरूको काम सन्तोषजनक नभए हेरफेर गर्ने ।

४) आवश्यकताअनुसार संस्था संचालनका लागि नीति-नियमहरू बनाउने र सो नियमहरू पालना भएनभएको हेर्ने ।

५) आवश्यकताअनुसार अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरूलाई सघाउने।

६) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने ।

७) टोल विकास संस्थालाई बुझाउनु पर्ने रकम बुझाउने र अरुलाई पनि बुझाउन प्रोत्साहित गर्ने ।

**११. साधारण सभाको गठन र कार्य प्रणाली :**

१) संस्थाको सम्पूर्ण सदस्यहरू र सल्लाहकारसमेत रहेको एक साधारण-सभा हुनेछ ।

२) साधारण-सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा संस्थाको उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा सस्थाको जेष्ठ सदस्यले गर्नेछ ।

३) साधाण-सभा संस्थाको सर्वोच्च निकाय हुनेछ ।

**१२. साधारण-सभाको काम, कर्तव्य र अधिकार :**

(क) संस्थाको साधारण-सभाको सल्लाह प्राप्त गर्न उचित देखि पेश गरेको जुनसुकै विषयमा यथोचित् सल्लाह दिने ।

(ख) लेखापरीक्षक नियुक्ति गर्ने तथा यसको पारिश्रमिक तोक्ने ।

(ग) संस्थाको गत सालको हिसाब विवरण र त्यस सम्बन्धमा लेखापरीक्षकको प्रतिवेदन पारित गर्ने ।

(घ) कार्य समितिलाई अधिकार प्रत्यायोजना गर्ने ।

(ङ) कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने ।

(च) संस्थाको विधान संशोधन गर्ने ।

(छ) आवश्यकताअनुसार सल्लाहकारको मनोनयन गर्ने ।

(ज) आवश्यकताअनुरूप टोल विकास योजना तथा उद्यम विकास योजना बनाउने संस्थालाई अधिकार प्रत्यायोजन गर्ने ।

झ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था :**

(क) संस्थाको देहायबमोजिम आर्थिक स्रोत हुनेछ :

- सदस्यताबाट प्राप्त शुल्क ।
- सदस्यहरबाट गरिने अन्य योगदान ।
- सरकारी तथा गैरसरकारी संस्थाबाट निःशर्त सहायता ⁄ अनुदान ।
- दाताहरूबाट प्राप्त निःशर्त सहयोग ।
- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त वा सेवा प्रदान गरेर आर्जित आय वा पुरस्कार ।
- संस्थाको कोषबाट आर्थिक आय ।
- अन्य आम्दानी ।

(ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परीक्षणपश्चात् विवरण साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको कोषाध्यक्षको हुनेछ ।

(ग) संस्थाको नाममा प्राप्त वा खरीद चल-अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिएबमोजिम हुनेछ ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजीनामा :**

(क) समितिका सदस्यहरुले आफ्नो पदबाट राजीनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(ख) अध्यक्षले आफ्नो राजीनामा सचिव माफृत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरेबमोजम हुनेछ ।

**१५. कार्य समितिलाई आविश्वासको प्रस्ताव :**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरूउपर अविश्वास लागे यथोचित् कारण देखाई संस्थाका ६५% (प्रतिशत) सदस्यहरूले विशेष साधाणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । अविश्वासको प्रस्ताव उपर छलफल गरी हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसम्मतलाई बढी जोड दिइनेछ ।

**१६. विधानको संशोधन :**

यस टोल विकास संस्थाको संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरी सो सभामा उपस्थित सदस्यहरूको दुईतिहाइ बहुमतले पारित गर्नुपर्नेछ ।

**१७. विविध :**

(क) यस विधान बमोजिम टोल विकास संस्थाले आफ्ना सदस्यहरूमध्येबाट आर्थिक विकासका लागि उद्यमी समूह र उद्यम तथा आवश्यक परेका बखत खास कार्यका लागि कार्यमूलक र उपभोक्ता समूह गठन गर्न सक्नेछ । उक्त उद्यम/उद्यमी काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

(ख) यो विधानको व्याख्या गर्ने अधिकार संस्थाको साधारण सभामा निहित रहनेछ ।

(ग) संस्थाले संस्थाको उद्देश्य पूर्तिका लागि विधानको अधीनमा रही नियमावली बनाउन र उपसमिति गठन गर्नुपरेमा सो समेत गर्न सक्नेछ ।

(घ) संघीय तथा प्रदेश कानुनहरूसँग बाझिएका बुँदाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

अनुसूची-२

टोल विकास संस्थालाई गाउँपालिका दर्ता गर्ने

निवेदनको नमुना

मिति :....................

श्रीमान् प्रमख प्रशासकीय अधिकृत ज्यू
ऐरावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बरौंला प्यूठान ।

विषय : टोल विकास संस्था दर्ता गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकाको वडा नं............ को ...................... टोलमा गठन गरिएको ......................................... टोल विकास संस्थालाई ........................ गाउँपालिका कार्यालयमा दर्ता गरिदिनुहुन अनुरोध गर्दछु ।

यस ......................... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किस्ताभित्र सीमित रहनेछ ।

पूर्व सिमाना :.............................पश्चिम सिमाना :............................
उत्तर सिमाना :...........................दक्षिण सिमाना :.............................

**निवेदक**
अध्यक्षको नाम :
टोल विकास संस्थाको नाम :
ठेगाना :

अनुसुची-३

# ऐरावती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
# बरौंला, प्यूठान

## प्रमाण-पत्र

ऐरावती गाउँपालिका वडा नं........ स्थित ................................................ मा गठन भएको ...................................................... टोल विकास संस्थालाई यस कार्यालयमा मिति ................ मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, सुशासनयुक्त समाज निर्माण मानव संसोधन विकासमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

...................................

प्रमुख प्रशासकीय अधिकृत

आज्ञाले,

**जगत प्रसाद भुसाल**

प्रमुख प्रशासकीय अधिकृत